# "Awareness Program on Nepal Standards on Auditing 2018 with Special Focus to Small, Medium and Micro Sized Entities" विषयक अभिमूखिकरण कार्यक्रम

## १. पहिलो अभिमूखिकरण कार्यक्रम (नेपालगञ्ज)

### क. पृष्ठभुमी

आन्तरिक राजश्व विभाग र लेखापरीक्षणमान बोर्डको संयुक्त आयोजनामा Awareness program on Nepal Standards on Auditing 2018 with Special Focus to Small, Medium and Micro Sized Entities विषयक दुई दिने अभिमूखीकरण कार्यक्रम मिति २०७७ बैशाख ३ र ४ गते सिग्नेट होटल, नेपालगञ्जमा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमको समुदघाटनमा लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जका प्रमुख कर अधिकृत श्री शरद चन्द्र पौडेल, बाँके जिल्लाका अडान अध्यक्ष श्री भुवन प्रसाद गैरेको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा लेखापरीक्षणमान बोर्डका अध्यक्ष, आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जका प्रमुख कर अधिकृत, बाँके जिल्लाका अडान अध्यक्ष लगायतका महानुभावहरुले कार्यक्रमका महत्वका सम्बन्धमा प्रकाश पार्दै मन्तव्य दिनुभएको थियो । सो कार्यक्रममा ३ जना श्रोत व्यक्तिहरुले ८ शेशनमा आफ्नो प्रस्तुतीकरण मार्फत सहभागिहरुलाई सचेतना प्रदान गर्नु भएको थियो । उक्त कार्यक्रमको समापन समारोहमा आन्तरिक राजश्व कार्यालय नेपालगञ्जका प्रमुख कर अधिकृत श्री शरद चन्द्र पौडेलज्युको उपस्थिति रहेको थियो । उहाँले कार्यक्रमबाट सहभागीहरुले अभिमूखिकरण कार्यक्रमबाट सिकेका कुराहरुबाट काम गर्न सघाउ पुगेको विश्वास गर्नु भएको थियो । ५१ जनाले सहभागिता जनाएको उक्त कार्यक्रमको अन्त्यमा आन्तरिक राजश्व कार्यालय नेपालगञ्जका प्रमुख कर अधिकृत श्री शरद चन्द्र पौडेलज्यु र लेखारीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठले सहभागीहरुलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रमको व्यवस्थापनका लागि लेखापरीक्षणमान बोर्डमा प्रशासकिय अधिकृत श्री मनोज भट्टराई र लेखापाल श्री जीवन दाहालका साँथै आन्तरिक राजश्व कार्यालयका कर्मचारीहरुले समेत सहयोग गर्नु भएको थियो ।

### ख. कार्यक्रममा सहभागीहरुको चिनारी (Profile)

उक्त कार्यक्रममा २५ जना नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्य (रजिष्टर्ड अडिटर) हरु, ४ जना एकाउन्टिङ टेक्निसिएन र १६ जना लेखा व्यवसायीहरु र ६ जना आन्तरिक राजश्व कार्यालय नेपालगञ्जका कर्मचारी गरी कूल ५१ जनाले आफ्नो सहभागिता जनाउनु भएको थियो ।

**ग. श्रोत व्यक्तिहरु :**

श्रोत व्यक्तिहरुमा  व्यवसायीक लेखाबिज्ञहरु तथा कर विज्ञहरु ३ जना श्रोत व्यक्तिका रुपमा हुनुहुन्थ्यो । श्रोत व्यक्तिको छनौट उहाँहरुको अनुभव तथा विज्ञतालाई आधार लिईएको थियो । निम्न लिखित महानुभावहरु श्रोत व्यक्तिको रुपमा रहनु भएको थियो:

क. श्री अनुप कुमार श्रेष्ठ, अध्यक्ष, लेखापरीक्षणमान बोर्ड
ख. श्री शरद चन्द्र पौडेल, प्रमुख कर अधिकृत, आन्तरिक राजश्व कार्यालय, नेपालगञ्ज
ग. श्री सुनिल जाशी, विज्ञ परामर्शदाता, लेखापरीक्षणमान बोर्ड

## नेपालगञ्जमा सम्पन्न अभिमूखिकरण कार्यक्रमका केही झलकहरु









## २. दोश्रो अभिमूखिकरण कार्यक्रम (काठमाडौं)

### क. पृष्ठभुमी

आन्तरिक राजश्व विभाग र लेखापरीक्षणमान बोर्डको संयुक्त आयोजनामा Awareness program on Nepal Standards on Auditing 2018 with Special Focus to Small, Medium and Micro Sized Entities विषयक दुई दिने अभिमूखीकरण कार्यक्रम मिति २०७८ असार २५ र २६ गते अल्फा हाउस बैङकिट, बुध्दनथगर काठमाडौंमा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमको समुदघाटनमा लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, आन्तरिक राजस्व विभागका निर्देशक श्री गोविन्द प्रसाद अधिकारी, उपत्यका प्रदेश अडान अध्यक्ष श्री आत्माराम चपागाई, लेखापरीक्षणमान बोर्डका सदस्य श्री विनय प्रकाश श्रेष्ठ तथा लेखापरीक्षणमान बोर्डका सदस्य टेकनाथ आचार्यज्युको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, आन्तरिक राजस्व विभागका निर्देशक श्री गोविन्द प्रसाद अधिकारी, उपत्यका प्रदेश अडान अध्यक्ष श्री आत्माराम चपागाई, लेखापरीक्षणमान बोर्डका सदस्य श्री विनय प्रकाश श्रेष्ठ तथा लेखापरीक्षणमान बोर्डका सदस्य लगायतका महानुभावहरुले कार्यक्रमका महत्वका सम्बन्धमा प्रकाश पार्दै मन्तव्य दिनुभएको थियो । सो कार्यक्रममा ४ जना श्रोत व्यक्तिहरुले ८ शेशनमा आफ्नो प्रस्तुतीकरण मार्फत सहभागिहरुलाई सचेतना प्रदान गर्नु भएको थियो । उक्त कार्यक्रमको समापन समारोहमा आन्तरिक राजश्व विभागकाका निर्देशक  श्री गोविन्द प्रसाद अधिकारीज्युको उपस्थिति रहेको थियो । उहाँले कार्यक्रमबाट सहभागीहरुले अभिमूखिकरण कार्यक्रमबाट सिकेका कुराहरुबाट काम गर्न सघाउ पुगेको विश्वास गर्नु भएको थियो । ३४ जनाले सहभागिता जनाएको उक्त कार्यक्रमको अन्त्यमा आन्तरिक राजश्व विभागकाका निर्देशक  श्री गोविन्द प्रसाद अधिकारीज्यु र लेखारीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठले सहभागीहरुलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रमको व्यवस्थापनका लागि लेखापरीक्षणमान बोर्डमा प्रशासकिय अधिकृत श्री मनोज भट्टराई र लेखापाल श्री जीवन दाहालका साँथै आन्तरिक राजश्व कार्यालयका कर्मचारीहरुले समेत सहयोग गर्नु भएको थियो ।

### ख. कार्यक्रममा सहभागीहरुको चिनारी (Profile)

उक्त कार्यक्रममा ६ जना नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्य (सिए) हरु, २१ जना नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्य (रजिष्टर्ड अडिटर) हरु, र ७ जना लेखा व्यवसायीहरु गरी कूल ३४ जनाले आफ्नो सहभागिता जनाउनु भएको थियो ।

### ग. श्रोत व्यक्तिहरु :

श्रोत व्यक्तिहरुमा  व्यवसायीक लेखाबिज्ञहरु तथा कर विज्ञहरु ४ जना श्रोत व्यक्तिका रुपमा हुनुहुन्थ्यो । श्रोत व्यक्तिको छनौट उहाँहरुको अनुभव तथा विज्ञतालाई आधार लिईएको थियो । निम्न लिखित महानुभावहरु श्रोत व्यक्तिको रुपमा रहनु भएको थियोः

क. श्री अनुप कुमार श्रेष्ठ, अध्यक्ष, लेखापरीक्षणमान बोर्ड

ख. श्री गोविन्द प्रसाद अधिकारी, निर्देशक आन्तरिक राजश्व विभागका
ग. श्री बैकुण्ठनाथ अधिकारी, नायव महालेखापरीक्षक, महालेखापरीक्षकको कार्यालय
ग. श्री सुनिल जाशी, विज्ञ परामर्शदाता, लेखापरीक्षणमान बोर्ड

## काठमाडौंमा सम्पन्न अभिमूखिकरण कार्यक्रमका केही झलकहरु








